


# हाम्रा कविता

(बाल कविता सङ्ग्रह)

891.495
CDC-h
2062 c.1

बाल सन्दर्भ सामग्री

बालबोध ५३



बाल सन्दर्भसामग्री

बालबोध- ५३

891.495
CDC-h
2062

# हाम्रा कविता

(बालकविता सङ्ग्रह)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रकाशक :** श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© **सर्वाधिकार प्रकाशकमा सुरक्षित**

**पहिलो संस्करण :** २०६२

**कार्यक्रम संयोजन :** हर्कप्रसाद श्रेष्ठ

**सामग्री संयोजन :** भरत नेपाली प्याकुरेल

Ac 1066 a

**सम्पादन :** जयप्रसाद लम्साल

**भाषा सम्पादन :** विष्णुप्रसाद अधिकारी
लोकप्रकाश पण्डित

**चित्राङ्कन तथा आवरण विकास :** टार्जन राई

**टाइपसेटिङ :** अनिलकुमार थापा

ISBN : 99933-712-3-8

**छपाइ प्रति :** **५००० प्रति**

**मुद्रण :** **एनपिटिसी लिमिटेड,** फोन : ४४७६२२६, ४४७७३७१

# हाम्रो भनाइ

पाठ्यक्रम विकास केन्द्रबाट निर्माण गरिएका विविध पाठ्यसामग्रीहरूमध्ये बालसन्दर्भ सामग्रीले बालबालिकाको मनोवैज्ञानिक स्थितिअनुरूपको पढाइप्रतिको अभिरुचि, अध्ययन रुचि, जिज्ञासु प्रवृत्ति एवम् सिकाइक्रमको परिधिलाई अझ फराकिलो पार्न प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा राखेको छ ।

यिनै तथ्यलाई आत्मसात् गर्दै विद्यालय पाठ्यक्रममा समाविष्ट अन्तर्निहित मर्मलाई अझ बढी सबलीकृत गर्ने मूल उद्देश्य बालसन्दर्भ सामग्रीले लिएको छ ।

प्राथमिक तहका बालबालिकाहरूको मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई लक्षित गर्दै विकास गरिएका यी सामग्रीहरूमा सरल भाषाको माध्यमबाट मनोरञ्जनात्मक पढाइ, शब्द ज्ञान, पठन गति, नवीन ज्ञान एवम् खोजपरक धारणाको विकास गरी सहपठनको बानीलाई प्रेरित गर्दै स्वाध्ययनमा निरन्तरता दिई उनीहरूले आर्जन गरेका असल सोच, प्रवृत्ति तथा व्यवहारलाई जीवनशैलीमा उतार्न सकून् भन्ने अभीष्ट राखिएको छ ।

विगतका वर्षहरूमा विविध ४८ ओटा शीर्षकमा बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन् । यस वर्षमा पनि अन्य ५ ओटा शीर्षकसमेत थप गरी ५३ ओटा सामग्रीहरू प्रकाशित भएका छन् । सामग्रीहरू सकेसम्म बहुआयामिक, सरल, तथा बोधगम्य तवरले निर्माण गर्ने प्रयास भएका छन् । त्यसैले बालबालिकाहरूकै बालकविता सङ्कलन गरी यो बालकविता सङ्ग्रह प्रकाशन गरिएको हो । यस सामग्रीको निमार्णका लागि कविता पठाइ सहयोग गर्ने भाइबहिनीहरू र संयोजन, सम्पादन, चित्राङ्कन, रूपविन्यास एवम् उत्पादन कार्यमा सहयोग प्रदान गर्नुहुने सम्बद्ध सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र धन्यवाद ज्ञापन गर्दछ ।

सामग्रीलाई अझै उद्देश्यमूलक, उपलब्धिमूलक एवम् गुणस्तरीयता प्रदान गर्ने प्रयासमा विद्यार्थी, शिक्षक, लेखक, अभिभावक एवम् बुद्धिजीवीबाट समेत थप सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।

२०६२


जगन्नाथ अवा
कार्यकारी निर्देशक
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# विषयसूची


| | क.सं | पाठशीर्षक | | पृष्ठ |
|---|---|---|---|---|
|  | १. | छातीभित्र मेरो देश | सोफिया बानो | ६ |
|  | २ | मेरो चाहना | कञ्चन कट्टेल | ८ |
|  | ३ | मेरो पुकार | विनिता थकाली | १० |
|  | ४ | वातावरण | आरती ढकाल | १२ |
|  | ५ | सुन्दर नेपाल | सम्झना ज्ञवाली | १४ |
|  | ६ | मेरो देश | कविता लामिछाने | १६ |
|  | ७ | शान्ति मेरो कामना | गीता खराल | १८ |
|  | ८ | शान्ति तिमी आऊ | गोमा सुवेदी | २० |



९ शान्तिको कामना — विमला खनाल — २२



१० देश प्रेम — सीमा खड्का — २४




११ स्वतन्त्र भूमि नेपाल — सत्यकुमारी रताला — २६



१२ शान्तिको आह्वान — राम थापा क्षेत्री — २८




१३ शान्ति — सन्दीप श्रेष्ठ — ३०



१४ मेरो देशका लागि — आशीष सिग्देल — ३२



१५ निर्दोष जनता — सुवास राई — ३४



१६ विन्ति हाम्रो — दुर्गबहादुर विक — ३६



१७ देशलाई नामी पारौँ — कमला देवी शर्मा — ३८

# छातीभित्र मेरो देश

* सोफिया बानो

कति खोजें देश मैले बोकी मानचित्र
आखिरमा देश रहेछ आफ्नै छातीभित्र ।
देश हेर्न लेक बेँसी तराई सबै धाएँ
भरे भने देश हरे ! आफैँसित पाएँ ।
जुन दिन छातीभित्र देश मैले भेटेँ
डाडाँकाडाँ जताततै देशैदेश देखेँ ।
मेची महाकाली कोसी कर्णालीका तीर
आफ्नै नसा बगेजस्तो आफ्नै मुटुनिर ।

नेपाल पनि आफैँ भएँ आफैं म नेपाली
काँगडाको घाउ दुख्यो मलाई यसपालि ।
पहाड मधेस हिमाल सबै मेरो घरबार
चार जात छत्तीस वर्ण मेरो परिवार ।
नेपालीको आँसु देख्दा मन मेरो दुख्छ
देश मैले बिर्सें भने देशले मलाई थुक्छ ।

* कक्षा ४
सरस्वती माध्यमिक विद्यालय, नेपालगञ्ज
बाँके, टाङ्गास्टेसन, वडा नं. १३



# मेरो चाहना


* कञ्चन कट्टेल



गौतम बुद्ध हिँड्न सक्ने बाटो भए पुग्छ
मलाई मेरो नेपालकै माटो भए पुग्छ ।
यो देशको सुखशान्ति अन्त पाइँदैन
फोस्रो स्वाङ, रङ्गीचङ्गी मलाई चाहिँदैन ।

ढिँडो खान्छु मिठो मानी आँटो भए पुग्छ
मलाई मेरो नेपालकै माटो भए पुग्छ ।
चौँरी चर्ने, गैँडा डुल्ने पाटो भए पुग्छ
शिरमाथि सगरमाथा चुली भए पुग्छ ।


* कक्षा ५
पत्ताले प्राथमिक विद्यालय, केरुङ्- २, पत्ताले, सोलुखुम्बु



सङ्गिनी र देउसी, भैली, लाखे भए पुग्छ
झरनाको सङ्गीत सँगै मयूर नाचे पुग्छ ।
नडराई चउरमा खेल्न पाए पुग्छ
शान्तसँग कक्षाभित्र पढ्न पाए पुग्छ ।

बम, गोला, हतियार थन्क्याइदिए पुग्छ
पढ्ने, लेख्ने ज्ञानी हुने मौका दिए पुग्छ ।
हामी देशका चन्द्र सूर्य हामी देशका तारा
विश्वभरि प्रकाश छरी हँसाउँछौं सारा ।

# मेरो पुकार



* विनिता थकाली

नेपाली हामी दयाका खानी वीरका सन्तति,
छ हाम्रो आफ्नै भाषा र वेश सभ्यता संस्कृति ।
अनेकतामा एकता हाम्रो अमर रहिरहोस्,
यो हाम्रो देश यो जन्मभूमि स्वर्ग झैं भैरहोस् ।
डाँफे र मुनाल गाइरहून् गीत पखेरा पाखामा,
कस्तूरी मृग नाउर कुदून् हिमाली काखमा ।
झ्याउरे गीत देउसी भैलो सोरठी घाटुमा,
नेपाल हाम्रो फूलबारी राम्रो सजाउ मुटुमा ।

शान्तिको सन्देश बोकेर उडून् परेवा आकाशमा,
नेपाली पौरख नेपाली रगत देशको विकासमा ।
प्रगति हाम्रो सम्भव छैन हिंसा र युद्धमा,
शान्ति प्रेमी नेपाली हामी विश्वास छ बुद्धमा ।
सिरिस फुलोस्, गुराँस फुलोस्, फुलोस् मखमली,
नेपालका गाउँ सहर बनून् झिलिमिली ।

---

* कक्षा ८
धवलागिरी आवासीय विद्यालय, जोमसोम, मुस्ताङ



# वातावरण

* आरती ढकाल

गाउँ, घर, चोक, गल्ली सफा हुनुपर्छ ।
हात खुट्टा फोहोर भए झट्ट धुनुपर्छ ॥

वर्षा लाग्दा पैरो जान्छ बिरुवा रोप्नुपर्छ ।
बिरुवा रोप्ने मात्र हैन त्यसलाई छोप्नुपर्छ ॥

हैजा लाग्ला, क्यान्सर लाग्ला पहिले सोच्नुपर्छ ।
बासी खाना, चुरोट रक्सी खान छोड्नुपर्छ ॥





तास जुवा खेल्नु हुन्न, रीति छाड्नु हुन्न ।
हाम्रो भाषा, हाम्रो वेश माया मार्नु हुन्न ॥

आजकलको फेसन कस्तो ! आधा लुगै छैन ।
बाबा, आमा भन्नुपर्छ ड्याडी ममी हैन ॥

विकृतिले बिगार्ला है हाम्रो चालामाला ।
वातावरण बिग्रिएमा हाम्रो इज्जत जाला ॥

---

* कक्षा ८
त्रिभुवन उच्च मा.वि. नवलपुर, मकवानपुर

# सुन्दर नेपाल



* सम्झना ज्ञवाली


क्या राम्रो देश नेपाल हेर हिमालले ढाकेको
सर्वोच्च शिखर सगरमाथा मुसुक्क हाँसेको
डाँडा र काँडा हरियो वन हिमाली पर्वत
हिमालबाट बग्दछन् झर्ना लिएर सर्वत ।

सुरिलो स्वर निकाली कोइली डाँफेलाई बोलाई
चौँरीगाई पनि खुसीले यहाँ चमर डोलाई




---

* कक्षा ७
श्रृङ्गा ज. मा. वि. गुल्मी



कस्तूरी, मृग, घोरल, झारल, खुसीले नाच्दछन्
प्रकृति हेरी विदेशी खुबै रमाई फर्कन्छन्
सुकिला हिमाल, हरिया वन, पहेँलो फाँट छ
अनेक जीव चराचुरुङ्गी स्वर्ग झैँ लाग्दछ ।

अनेक रङ अनेक जात भिन्दै छ वासना
स्वर्गकी परी रमाई आउँछिन् फूलमाला गासन
नेपाललाई सुरक्षा दिने हिमालको छ पर्खाल
नेपाली हाँसून् नेपाल बाँचोस् विश्वमा चिरकाल ।




# मेरो देश

* कविता लामिछाने


मेरो देश
जहाँ हिमालहरू मुखामुख गरेर कुरा गर्छन्
मुलुकमा शान्ति कसरी ल्याउने भनेर ?



मेरो देश
जहाँ पहाडहरू गोडा पसारेर छलफल गर्छन्
नेपालीलाई कसरी शिक्षित तुल्याउने भनेर ?



* कक्षा ८
मोन्टेश्वरी मेमोरियल बोडिङ् हाइस्कुल, सिद्धार्थनगर रूपन्देही





मेरो देश
जहाँ तराई लमतन्न परेर
हिमाल र पहाडतिर हेर्दै
बाँसुरी र ढोलको ताल झिक्छ
नेपाली मात्रलाई कसरी एकै पार्ने भनेर ?



मेरो देश
जहाँ जातजातिको जमघट
वनस्पतिको विविधता
जीवजन्तुको रमाइलो मेला
कति राम्रो भेला
एउटै स्वरले पुकार गर्छन्
यस देशलाई कसरी उन्नत पार्ने भनेर ?

# शान्ति मेरो कामना

* गीता खराल




शान्ति मेरो वशमा भइदिएको भए
सारा विश्वमा फैलाइदिने थिएँ
शान्ति फाटेको भए कहीं कतै
सियो धागो भएर सिलाइदिने थिएँ
फल हुँदो हो त शान्ति
सर्वत्र म फलाइदिने थिएँ
गल्ने वस्तु भए अशान्ति
म गलाइदिने थिएँ
कागज भएको भए अशान्ति



* कक्षा ८
सेन मा.वि., तानसेन, पाल्पा



म सलाई बनेर जलाइदिने थिएँ
कच्चा धागो भए अशान्ति
म चुँडाइदिने थिएँ
तर चिच्याएर मात्र र परेवा उडाएर मात्र
कहाँ आउँछ र शान्ति
शान्ति त सबैको मनमा छाउनुपर्छ
शान्ति त मानिसको भावनामा आउनुपर्छ ।




1066

# शान्ति तिमी आऊ

* गोमा सुवेदी

मेरो हिमाल चुली मुनि
गुराँसका फेदफेदमा तिमी आऊ
लेकबेँसी पहाडका बस्ती बस्तीमा
अनि तराईका फाँटमा तिमी आऊ
अन्धकार र कालो रातमा
तिमी जून लिएर आऊ
अलिनो खानुपर्ने अवस्थाका दिनहरूमा
तिमी नुन लिएर आऊ
गरिब भोका जनताका लागि
तिमी खाना लिएर आऊ
नाङ्गा, अनाथ, टुहुरा नानीका लागि
तिमी नाना लिएर आऊ
अज्ञान अशिक्षाको झोपडीमा
तिमी शिक्षाको ज्योति लिएर आऊ

रोगी बिरामीहरूका लागि
तिमी औषधि लिएर आऊ
युद्ध र हिँसाको सट्टा
तिमी एकता र मेलमिलाप लिएर आऊ
रगतको खोला बहने नदी होइन
तिमी खानेपानीको मुहान लिएर आऊ
दु:खी निमुखाहरूका लागि
तिमी राहत लिएर आऊ
देशमा हिँसा रोक्न तिमी सबैमा
आत्मविश्वास लिएर आऊ२ ।



* कक्षा ५
जनता मा. वि. ईटहरी - ८, सुनसरी

# शान्तिको कामना

* विमला खनाल

बुद्धको देशमा जन्मेका हामी साना छौँ कलिला
दिनुहोस् ज्ञान दिनुहोस् सीप बन्ने छौँ मलिला
हाँसखेल गर्दै पढ्ने र लेख्ने यो हाम्रो बेलामा
दु:खले पिर्‍यो बिचल्ली पर्‍यौँ सबैको हेलामा ।


कोलाहल धर्ती चित्कार आवाज सुन्ने हो कसरी
लासको खातले पीडामा मेरो मन रुन्छ बेसरी
वारि र पारि आकाशभरि गिद्धको हुलले
पछाडि पार्ला हे मेरा अग्रज आजको भूलले ।





पवित्र मन्दिर विद्याको घरमा बम बारुद नपरोस्
कोपिला जस्तो यो हाम्रो जीवन अकालमा नमरोस्
रगतको आहाल रगतको खोलो गाउँ र बस्तीमा
हामीले दुःख पाउने किन अरूको गल्तीमा ।





* कक्षा ७
दाङ्सिङ नि.मा.वि, दाङसिङ – ४, नुवाकोट



# देश प्रेम

* सीमा खड्का

हिमालको डाँडामाथि उदाउँछ जून,
धेरै पढी ज्ञानी बनी ठूलो मान्छे बन ।
चन्द्र सूर्य झन्डा हाम्रो हिमालको शिर,
पृथ्वी र बहादुर शाह, अमरसिँह वीर ।
पूर्व मेची पश्चिम काली तराईसम्म हाम्रो,
नागवेली आकारका नदीनाला राम्रो ।
हरियाली जङ्गल छन्, आकाश छुने रूख,
सेता हिमाल टल्किएको उज्यालो छ मुख ।

---

* कक्षा ६
वङ्गलामुखी मा.वि., गुलरिया, बर्दिया



आदिकवि भानुभक्त आँसुकवि शम्भु,
युगकवि सिद्धिचरण लक्ष्मीलाई सम्झू ।
हामी सबै एकै जाति कोही छैन पर,
अनेक रङ अनेक भेष मानवता हो थर ।
अघि बढौं सबै हामी रिसराग त्यागी,
समाज र संस्कृतिको सुधारका लागि ।

# स्वतन्त्र भूमि नेपाल

* सत्य कुमारी रताला



सुनौला फाँट, हरियो पहाड, सेतो छ हिमाल
यो सुन्दर ठाउँ मयूर नाच्छन् (क्या राम्रो नेपाल)२
उत्तर चीन, दक्षिण भारत बीचैमा नेपाल
अमर रहे, हे पुण्यभूमि, (टल्कने हिमाल) २
भीर र पाखा, लालीगुराँस, ढकमक फुल्दछन
छत्तीस जातको फूलबारी माथि (भमरा डुल्दछन्) २
नेपाल आमा कहाँ छन् हाम्रा जन्मेका सपूत
हे वीर योद्धा, उज्यालो भयो, (ब्युँझन अब त) २
सबैको सपना साकार हुन्छ घाम लाग्छन् झलल
उठनँ उठ नेपाली दाजु (नगरी अलमल)२
वनमा डुल्ने न्याउली चरी तिमीलाई खोज्दैछन्
यो जन्मभूमि छोडेर तिमी (कहाँ छौ भन्दछन्)२ ।

* कक्षा ६
सुनिपिपलचौर मा.वि., सुवेडा, बझाङ





# शान्तिको आह्वान

* राम थापा क्षेत्री

नेपाली हामी वीरका धनी देश हो नेपाल,
सुन्दर शान्त छटाले पूर्ण हिमालै हिमाल ।
हिमालदेखि तराईसम्म विशाल नेपाल,
शिरमा अग्लो सगरमाथा गोडा नै पहाड ॥

पूर्वमा मेची पश्चिममा काली उत्तरमा हिमाल
दक्षिणी भाग समथर फाँट विशाल नेपाल ।
अनेक धर्म विविध पर्व पृथक संस्कृति
यो फूलबारी सबैको साझा एउटै सन्तति ॥

नेपाली जाति वीरका छाती गोलीले छेडिन्न,
अस्मिता राख्छौँ जोगाई सधैँ पछाडि हटिन्न ।










आश्रय लिन जान्दैनौं हामी विदेशी भूमिमा,
झुकाई शिर हिँड्दैनौं हामी शत्रुको सामुमा ॥
हरिया डाँडा खर्क र पाखा बम बारुद बर्सियो,
मुरीका मुरी उब्जिने खेत रगतले सिञ्चियो ।
नेपाली सबै जुटेर शान्ति मित्रता पालौं है,
सबैको नोक्सान बुझेर अब पाइला चालौं है ॥
जुटौं न अब ज्ञानको दियो बालेर देशमा,
शिक्षित बनौं गौरव भरौं नेपाली वेशमा ।
हिँसालाई रोकी सद्भाव बोकी देशमा शान्ति होस्,
अगाडि हामी बढ्नु छ यहाँ भ्रान्ति त खस्कियोस् ॥



---
* कक्षा ८
नीलकण्ठ उच्च मा.वि., धादिङबेँसी, धादिङ



# शान्ति

* सन्दीप श्रेष्ठ



शान्तिको गीत गाउने चरी
गला घोटियो कि ?
बुद्धले देखाएको बाटो
रगतले मेटियो कि ?
शान्ति क्षेत्र हाम्रो देश सगरमाथा शिर
सम्म बाटो भत्किएर आज भयो भीर
वीरहरूको इतिहास
सबै मेटियो कि ?
बुद्धले देखाएको बाटो
रगतले मेटियो कि ?
सबै मिली आटोपीठो रमाएरै खान्थे
देखेजति सबैलाई देउतै सरि मान्थे
पीरमाथि पीर थपिन्छ
किन आज भोलि
बुद्ध जन्मेको देशमा
बम, बारुद र गोली
पसिना पोख्ने माटोभरि रगतले भिज्यो
बाबाआमा सबैको मन आँसुले नै रुज्यो
परेवा झैँ उड्न पाऊँ
शान्तिको सन्देश बोकी
दाजुभाइ हात मिलाऊ
हत्या हिँसा रोकी ।

* कक्षा ८
थापाठाना मा.वि, थापाठाना, पर्वत





# मेरो देशका लागि

* आशीष सिग्देल

म संसार छोड्न सक्छु
तर
मेरो देश शान्त हुनुपर्‍यो
म आगोमा पोलिन सक्छु
तर मेरो देश जगमगाई रहनपर्‍यो
म छातीमा गोली खान सक्छु
तर
मेरो देश जीवित रहनुपर्‍यो
म रोइरहन सक्छु
तर
सबै नेपाली हाँसिरहनुपर्‍यो
म देशका लागि जे पनि गर्न सक्छु
तर
मेरो देशमा युद्धविराम हुनुपर्‍यो
त्यसैले म भन्छु मलाई तिमी जे पनि गर
तर
हे ! दाजुभाइहरू "आपसमा बन्दुक हानाहान नगर" ।

---

* कक्षा ८
श्री महाकवि देवकोटा मा.वि, गुलरिया, बर्दिया



# निर्दोष जनता

* सुबास राई

शान्तिको दियो बालेका थिए
गौतम बुद्धले
यो दियो आज निभाई दियो
आपसी युद्धले ।

शान्तिको माग गर्दैछ हेर
नेपाली जनताले
बन्दुक किन उचाल्छौ तिमी
देश बोक्ने हातले ।

निर्दोष जनता मार्दैछौ किन
यो देशका बीरले
पाइन्न देख्न नेपाली माटो
आपसी रिसले ।

धुवायो सिउँदो रूवायो देश
आपसी युद्धले
शान्तिको दियो बालेका थिए
गौतम बुद्धले ।

त्यसैले अब छाडिदेऊ लडन
भइदेऊ सब एक
कोही सानो ठूलो हुँदैन हेर
नराख त्यो भेद ।



* कक्षा ८
त्रि.मा.वि. गाइघाट, उदयपुर


# बिन्ती हाम्रो

* दुर्गबहादुर वि.क

उठौँ भाइ उठौँ बहिनी कलम समातेर
अन्याय र अत्याचारलाई पछि लछारेर ।
बम गोला बारुदको धुवैँधुवाँ भरी
अन्धकार र दुर्गन्ध भो स्कुल वरिपरि ।
वातावरण धमिलो भो हामी कसो गर्ने
अनिश्चित र अन्योलमा हामी कति पर्ने ।
मानिस मात्र मर्ने हैनन्, पृथ्वीका सारा
बम गोला आगजनिले मरे बिरुवा चरा ।
प्रकतिको नष्ट भयो पड्केर गोला बम
दुवै पक्ष कमजोर हुने बिग्रने देश झन ।
किन लड्छौ दाजु भाइ बन्दुक उचालेर
शान्ति खोजौँ यस देशमा हात मिलाएर ।

* कक्षा ४
ज्ञानोदय प्रा.वि., मौवाफाँट, राखुपिप्ले, म्याग्दी






# देशलाई नामी पारौं

* कमला देवी शर्मा

अल्छी छैनौं दिनदिनै विद्यालय जान्छौं
गुरु अनि गुरुमाले अह्राएको मान्छौं ।
देशभक्त असल मानिस बन्नुपर्छ हामी
विश्वमा नेपाललाई पार्नुपर्छ नामी ।

पढीलेखी ज्ञानी भई देशको विकास गर्छौं
काम गर्दा बाधा आउँछन् सोची अघि बढ्छौं ।
विद्या जस्तो ठूलो रत्न धनसम्पत्ति हैन
धन ठूलो मान्ने जो छ पाउँदैन चैन ।


* कक्षा ३
त्रिभुवन प्रा.वि., होश्राङ्दी - ९ पूर्णगाउँ, पर्वत




तर हामी धनलाई पछि विद्या अघि साछौँ
देश विकासमा बाधा पार्ने साथी पनि छाड्छौँ ।
उच्च शिखर सगरमाथा हाम्रै टोपी भयो
देशको स्वाभिमानका लागि परे डट्ने छ यो ।

यो देशमा कुभावको जरा हाल्न दिन्नौँ
कहिल्यै पनि कुरीतिको बाटो हामी लिन्नौँ ।


Ac. 1066 Cl




तल दिइएका चित्रमा कतिओटा र कुनकुन जनावरहरू छन्, पत्ता लगाऊ ।



# सरसफाइमा ध्यान पुऱ्याऔं
# स्वस्थ र निरोगी बनौं



99933-712-3-8